बागमती प्रदेश सरकार
# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा नेपाल ।

पत्र संख्या:२०८२/०८३
चलानी नं: ६४०

मिति :२०८२/१२/०९

विषय- मस्यौदामा सुझाब पठाउने सम्बन्धमा।

श्री सरोकारवाला सबै

प्रस्तुत विषयमा यस मन्त्रालयले तयार गरेको **प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८२** को मस्यौदालाई अझ व्यवहारिक, प्रभावकारी तथा सरोकारवालामैत्री बनाउनका लागि यहाँहरुको महत्वपूर्ण सुझाव आवश्यक रहेकोले यसै साथ संलग्न उक्त मस्यौदाको अध्ययन गरी यसमा समावेश गर्नुपर्ने सुधार, संशोधन वा थप गर्नुपर्ने विषयहरूको सुझाब ७ (सात) दिन भित्र मन्त्रालयको इमेल moiclrbagamati@gmail.com मा उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

(किशोर सापकोटा)
अधिकृत आठौं

फोन नं. ०५७-५९०२६४, ०५७-५९०२६६ ईमेल : moiclrbagmati@gmail.com

# <u>प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८२</u>

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद – १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरुको नाम "प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उद्योग" भन्नाले ऐनको दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले ऐन बमोजिम उद्योग दर्ता गर्ने भनी तोकेको निकाय वा कार्यालयलाई जनाउँछ ।

(ग) "ऐन" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले औद्योगिक क्षेत्र व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद – २
## <u>उद्योग दर्ता</u>

३. **<u>निवेदन दिनु पर्ने</u>** : (१) उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र तथा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(घ) कम्पनीको हकमा निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौता वा कबुलियतनामाको सक्कल प्रति,

(च) सहकारी संस्थाले उद्योग दर्ता गर्न चाहेमा सहकारी संस्थाको प्रबन्धपत्र, विनियम र साधारण सभाबाट भएको निर्णय

(छ) उत्पादनमूलक उद्योग र प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने उद्योगको हकमा उद्योग स्थापना गर्ने क्षेत्रको सम्बन्धित वडाको सिफारिस,

(२) उपनियम (१) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिँदा निवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा परियोजना विवरण तयार गरी निवेदनसाथ पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निवेदन दिँदा उद्योग दर्ता गर्ने निकायले विकास गरी सञ्चालन गरे बमोजिम विद्युतीय माध्यमबाट समेत निवेदन दिन सक्नेछ।

(४) नवप्रवर्तनमा आधारित स्टार्टअप उद्योगको रुपमा कुनै उद्योग दर्ता हुन चाहेमा छुट्टै अभिलेख राखि उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गरिदिन सक्ने छ।

(५) स्टार्टअप उद्योगको दर्ता नवीकरणर र नियमन अन्य उद्योग सरह नै हुनेछ।

४. <u>प्रमाणपत्र दिनु पर्ने</u> : (१) नियम ३ बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताका लागि आवश्यक पर्ने सम्पूर्ण विवरण वा कागजात प्राप्त भएको र उद्योग दर्ता गर्न मनासिब देखिएमा त्यस्तो विवरण तथा कागजात पेश भएको तीन दिनभित्र उद्योग दर्ता गरी निवेदकलाई अनुसूची-३ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) मा उद्योग दर्ता गर्ने निकायले विकास र सञ्चालनमा ल्याएको विद्युतीय प्रणालीबाट समेत उद्योग दर्ता गरी प्रमाणपत्र जारी गर्न सकिने छ।

३) उपनियम (१) बमोजिमको उद्योग दर्ताको प्रमाणपत्र जारी गर्दा उद्योग दर्ता गर्ने निकायले सो अनुसूचीमा उल्लेख गरेका शर्तको अतिरिक्त उद्योगको प्रकृति अनुसार अन्य थप शर्तहरु समेत उल्लेख गर्न सक्नेछ।

(४) नियम ३ बमोजिमका विवरणहरु संलग्न गरी पेश गरेको निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्न नमिल्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सोही दिन सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई दिनु पर्नेछ ।त्यस्तो जानकारी विद्युतीय माध्यमबाट समेत गराउन सकिनेछ।

५. <u>उद्योग सञ्चालन, व्यावसायीक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि</u> : (१) यस नियमावली बमोजिम दर्ता हुने देहायको उद्योगलाई नियम ४ बमोजिम उद्योग दर्ता प्रमाणपत्र प्रदान गर्दा उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि तोक्नु पर्नेछः-

(क) लघु, घरेलु तथा साना उद्योगको हकमा दुई वर्ष,

(ख) मझौला उद्योगको हकमा तीन वर्ष,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको दर्ता हुँदा वा स्थापना हुँदाका बखत प्रदेश सरकारको तर्फबाट जग्गाको भोगचलन वा लिजमा सहुलियत, प्रविधि वा मेशिनरी औजार सहयोग वा अन्य सरकारी वित्तीय अनुदान वा सहयोग साझेदारी प्राप्त गरेका मझौला उद्योगको हकमा उपनियम (१) मा तोकिएको भन्दा एक वर्ष अगावै उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(३) पूर्वाधार निर्माणमा समय लाग्ने उत्पादनमूलक, उर्जामूलक, पर्यटनमूलक र निर्माण उद्योगको हकमा यस्तो अवधि ५ वर्षसम्म तोक्न सकिने छ।

६. **अवधि थपको लागि निवेदन दिन सक्ने** : (१) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनु पर्ने भएमा त्यस्तो अवधि समाप्त भएको पैंतीस दिनभित्र त्यसरी अवधि बढाउनु पर्ने आधार र कारण सहित अनुसूची-४ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले प्राप्त निवेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजात वा जानकारी माग गर्नु पर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा बेहोरा मनासिब देखिएमा त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको तीन दिनभित्र उद्योगको प्रकृति, उद्योग सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतका आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ। यसरी उद्योग सञ्चालन, व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गर्ने अवधि थप हुँदा घरेलु तथा साना उद्योगको हकमा वार्षिक पाँच हजार र मझौला उद्योगको हकमा वार्षिक दस हजार रुपैयाँ विलम्ब शुल्क लिन सकिने छ।

७. **उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनु पर्ने :** (१) कसैले आफूले सञ्चालन गरी आएको उद्योग सो स्थानबाट अन्यत्र स्थानान्तरण गर्न चाहेमा देहायका विवरण र कागजात सहित अनुसूची-५ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) उत्पादनशील उद्योग र प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने उद्योगको हकमा उद्योग स्थानान्तरण हुने सम्बन्धित स्थानीय तहको वडाको सिफारिस,

(ग) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(घ) अनुसूची-२ बमोजिमको अद्यावधिक परियोजनाको विवरण।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृती दिन मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले उद्योगको प्रकृति हेरी नियम ५ मा उल्लेख गरिएको अवधि ननाघ्ने गरी उद्योग स्थानान्तरण गर्दा तोकिए बमोजिमको दस्तुर लिई सम्बन्धित उद्योगले पालना गर्नु पर्ने अन्य कुनै शर्त भए सो समेत उल्लेख गरी उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृती दिन मनासिब नदेखिएमा उद्योग दर्ता गर्ने निकायले सोको जानकारी तीन दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि निश्चित शर्त एवम् सुविधा प्राप्त गर्ने गरी प्रचलित कानून बमोजिम उद्योग ग्राम र औद्योगिक क्षेत्रभित्र स्थापना भएका उद्योगहरुलाई त्यस्तो शर्त एवम् सुविधाको अवधि समाप्त नभएसम्म स्थानान्तरणको लागि स्वीकृति प्रदान गरिने छैन।

८. **विवरण उपलब्ध गराउनु पर्ने :** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र देहायका विवरण वा कागजात उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ख) स्वीकृत र जडित क्षमता, (विद्युत/मेशिन लगायतका अन्य क्षमताजन्य)

(ग) अनुसूची-७ बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण।

(२) उपनियम (१) बमोजिमको विवरण वा कागजात उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको तरिका अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले समेत आफ्नो अभिलेख अद्यावधिक गर्नुपर्नेछ।

९. **उद्योग बन्द गरेको जानकारी दिनुपर्नेः** कसैले आफ्नो उद्योग बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी तीस दिन भित्र अनुसूची-८ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष दिनु पर्नेछ।

१०. **दर्ता खारेज गर्ने :** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भई उद्योगको दर्ता खारेज गर्नु पर्ने भएमा त्यस्तो उद्योगले देहायको विवरण र कागजात सहित अनुसूची-९ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन,

तर एक करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको प्रतिवेदन पनि मान्य हुनेछ ।

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

(घ) लिक्वीडेटर नियुक्त भएको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्यमीले गरेको स्वःघोषणा ।

तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्दाको अन्तिम किनारा हुँदाका बखत ठहर्न सक्ने अधिकतम दायित्व बराबरको रकम उद्योग दर्ता गर्ने निकायमा धरौटीको रूपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कसैको निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए पैंतीस दिनभित्र सोको प्रमाण सहितको लिखित दाबी उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगलाई आदेश दिनु पर्नेछ। त्यस्तो सूचना सम्बन्धित उद्योगीले सम्बन्धित स्थानीय तह, उद्योगको परिसर, जिल्ला प्रशासन कार्यालयमा समेत सबैले देख्ने स्थानमा टाँस गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार सो अवधिभित्र कसैको दाबी परी जाँचबुझ गर्दा त्यस्तो दाबी पूर्ण वा आंशिक रुपमा ठीक ठहरिएमा ठहरे बमोजिमको दायित्व फरफारक गर्न उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगलाई आदेश दिनु पर्नेछ।

(४) उपनियम (१) र (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फरफारक गरेको देखिएमा प्रचलित प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी कानून बमोजिमको दस्तुर लिई उद्योग दर्ता गर्ने निकायले तीन दिनभित्र सो उद्योगको दर्ता खारेज गरी अनुसूची-१० बमोजिमको ढाँचामा पत्र दिई लगतकट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिम फरफारकको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन।

११. **<u>उद्योगको स्थिर पुँजी वा क्षमतामा परिवर्तन वा अन्य विवरण हेरफेर गर्न स्वीकृति लिनुपर्नेः</u>** (१) कुनै उद्योगले ऐनको दफा १५ को उपदफा (३) बमोजिम उद्योगको स्थिर पुँजी परिवर्तन वा हेरफेर वा उद्योगको क्षमता वा कुनै विवरण परिवर्तन गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष देहायका विवरण वा कागजात सहित अनुसूची—१२ को ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ख) अनुसूची-७ बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(ग) कम्पनीको हकमा प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) साझेदारी फर्म भए साझेदारबीचको सम्झौताको सक्कल प्रति,

(ङ) सहकारीबाट सञ्चालित उद्योग भएमा प्रबन्धपत्र, विनियमावली र साधारण सभाको निर्णय

(च) प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भए सो अनुमतिपत्र

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको साविकको स्थिर पुँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमतामा परिवर्तन वा अन्य विवरण हेरफेर गर्न मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरी प्रतिवेदन लिई तोकिएबमोजिमको दस्तुर लिई हाल कायम रहेको स्थिर पुँजीमा तथा क्षमता परिवर्तन वा अन्य विवरण हेरफेर गर्न स्वीकृती दिई अनुसूची-३ को ढाँचामा प्रमाणपत्र दिन सक्नेछ।

तर परिषद्को स्वीकृति लिई स्थापना भएका उद्योगको स्थिर पुँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमतामा परिवर्तन वा हेरफेर गर्नु परेमा सो समितिको पूर्व स्वीकृति आवश्यक पर्नेछ।

## परिच्छेद – ३
## <u>औद्योगिक प्रवर्धन सम्बन्धी व्यवस्था</u>

१२.**<u>व्यवसाय संवर्धन तथा परामर्श सेवाः</u>** उद्योगको प्रवर्धनका लागि प्रदेश सरकारले देहायबमोजिमको इनकुवेसन सेवा, व्यवसाय संवर्धन तथा परामर्श सेवा प्रदान गर्नेछ :-

(क) उद्यमीलाई प्राविधिक, व्यवस्थापकीय तथा व्यवहारिक ज्ञान प्रदान गरी उद्योगको स्तरोन्नति गर्न टेवा प्रदान गर्न परामर्श सेवा,

(ख) विषयवस्तुका आधारमा विभिन्न प्रयोगशाला तथा प्रशिक्षणशालाको व्यवस्थापन गर्ने,

(ग) उच्च गतिको इन्टरनेट सहितको प्रयोगशाला सुविधाको व्यवस्था गर्ने,

(घ) उद्यम गर्न चाहने र व्यवसायमा सफल भएका व्यक्तिबीच असल अभ्यास तथा ज्ञान आदान प्रदान गर्ने,

(ङ) उद्योग दर्ता तथा प्रशासन र व्यवसायले प्राप्त गर्ने सेवा सुविधाको सम्बन्धमा आवश्यक परामर्श र सहजीकरण गर्ने,

(च) प्रविधि विकास र प्रविधि हस्तान्तरण प्रक्रियामा क्षमता अभिवृद्धि गर्न वित्तीय, मानव संशाधनजन्य, प्रविधिगत, नीतिगत र कानूनी पहल गर्ने,

(छ) बैंक तथा कर्जा प्रवाह गर्ने संस्थामार्फत सहुलियतपूर्ण कर्जा प्राप्त गर्न संस्था समन्वय गरिदिने,

(ज) स्थानीय तहसँग सञ्जालीकरण तथा सहकार्यको माध्यमबाट बजार पहुँच अभिवृद्धि गर्ने ।

(झ) औद्योगिक वस्तु तथा सेवाको प्रादेशिक तथा राष्ट्रिय रुपमा विस्तार गर्नका निमित्त व्यापार मेला तथा प्रदर्शनी आयोजना गरी वस्तुको बजारीकरण गर्ने,

## परिच्छेद-४

## औद्योगिक क्षेत्रको सञ्चालन एवं व्यवस्थापन

१३. **औद्योगिक क्षेत्र सञ्चालन एवं व्यवस्थापन** : (१) ऐनको दफा २३ बमोजिम स्थापना हुने औद्योगिक क्षेत्रको प्रभावकारी सञ्चालनको निमित्त सम्बन्धित औद्योगिक क्षेत्रको लागि औद्योगिक क्षेत्र व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) समिति एक स्वशासित संस्था हुनेछ र यसको काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव, उद्योग हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) मन्त्रालयले मनोनित गरेको कम्तीमा एक जना महिला सहित सम्बन्धित औद्योगिक क्षेत्रमा स्थापित उद्योगका अन्य दुईजना औद्योगिक व्यवसायी -सदस्य

(घ) कार्यकारी अधिकृत -सदस्य सचिव

(४) सम्बन्धित औद्योगिक क्षेत्र व्यवस्थापन समितिले त्यस्तो औद्योगिक क्षेत्रको विकास, प्रवर्धन र संरक्षणको लागि आवश्यक पर्ने कार्य सञ्चालन कोष, कर्मचारी व्यवस्थापन लगायतका अन्य औद्योगिक क्षेत्रको सम्बन्धमा आवश्यक आन्तरिक विनियमावली बनाई व्यवस्थित गर्न सक्नेछ ।

(५) संघीय सरकारबाट हस्तान्तरण भई आउने औद्योगिक क्षेत्रको व्यवस्थापन तथा सञ्चालन यसै नियम बमोजिम हुनेछ।

१४. **<u>औद्योगिक क्षेत्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u>** प्रदेश औद्योगिक क्षेत्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक क्षेत्रको स्थापना, विकास तथा सञ्चालनको लागि अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(ख) औद्योगिक क्षेत्रमा स्थापना तथा सञ्चालन हुने उद्योगको पूर्वाधार संरचना विकासका लागि आवश्यक मापदण्ड तयार गर्ने, गराउने,

(ग) औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगलाई अनुमतिपत्र दिने र अनुमतिपत्र नवीकरण गर्ने,

(घ) औद्योगिक क्षेत्रमा सुरक्षाको प्रबन्ध मिलाउने,

(ङ) औद्योगिक क्षेत्रमा स्थापित उद्योगको आवधिक निरीक्षण गर्ने,

(च) ऐन तथा यस नियमावली अन्तर्गत उद्योगले पाउने सेवा सुविधा वा कर छुटका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(छ) ऐन तथा यस नियमावलीको अधिनमा रही औद्योगिक क्षेत्रको विकास, संरक्षण र प्रवर्धनको लागि आवश्यक पर्ने आन्तरिक कार्यविधि तथा मापदण्ड स्वीकृत गर्ने,

(ज) उद्योगको विकास तथा प्रवर्धनका निमित्त आवश्यक पर्ने अन्य काम गर्ने ।

१५. **<u>कार्यकारी अधिकृतः</u>** (१) औद्योगिक क्षेत्र व्यवस्थापन समतिको कार्यकारी एवं प्रशासनिक कार्य गर्नको लागि एक जना कार्यकारी अधिकृत रहनेछ ।

(२) उपनियम (१) बमोजिम रहने कार्यकारी अधिकृतको नियुक्ति मन्त्रालयले देहायको योग्यता भएको व्यक्तिबीच खुला प्रतिस्पर्धाद्वारा गराई नियुक्ति गर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष पूरा भई साठी बर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य वा अर्थशास्त्र वा व्यवस्थापन विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) व्यवस्थापन क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव भएको ।

(३) मन्त्रालयले कार्यकारी अधिकृतको नियुक्ति प्रकृयालाई प्रतिस्पर्धात्मक बनाउन आवश्यक कार्यविधि तर्जुमा गर्न सक्नेछ।

(४) कार्यकारीले प्राप्त गर्ने सुविधा नियुक्तिको समयमा निर्धारण गरिने छ।

(५) कार्यकारी अधिकृतको पदावधि ४ बर्षको हुनेछ ।

१६. **कार्यकारी अधिकृतको पद रिक्त हुने:** देहायको अवस्थामा कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) मृत्यु भएमा,

(ख) साठी वर्ष उमेर पूरा भएमा,

(ग) कार्यकाल पुरा भएमा,

(घ) निजले मन्त्रालयको मन्त्री समक्ष लिखित राजिनामा दिएमा,

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा,

(च) कार्य असक्षमताको कारण कार्य सम्पादन गर्न नसकी मन्त्रालयले हटाएमा ।

१७. **औद्योगिक क्षेत्रमा प्रदान गरिने सेवा सुविधाः** (१) ऐनको दफा २३ बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गरेको औद्योगिक करीडोर, औद्योगिक पार्क, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राममा स्थापना गरिने कुनै पनि उद्योगको दर्ता, नवीकरण, पूर्वाधारको निर्माण, जग्गाको उपलब्धता, उद्योगलाई दिइने अनुदान, प्रोत्साहन, छुट लगायत अन्य यस्तै सेवा सुविधा तथा सहुलियतका लागि प्रदेश सरकारले छुट्टै मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) औद्योगिक क्षेत्रले निम्न प्रकारका सेवा सुविधाहरु प्राप्त गर्न सक्नेछन्:-

(क) कच्चा पदार्थ निर्यात तथा आयातको सम्बन्धमा सहजीकरण,

(ख) उद्योग दर्ता तथा नवीकरणमा सहजीकरण,

(ग) उत्पादकत्वको आधारमा सहुलियत प्रदान गर्ने,

(घ) वस्तुको उत्पादनका लागि अनुदान प्रदान गर्ने,

(ङ) प्रदेश सरकारले मापदण्डमा तोके बमोजिमका अन्य सेवा तथा सुविधा ।

१८. **लिजमा प्राप्त जग्गामा स्थापित उद्योग सञ्चालनमा आउनुपर्ने अवधिः** (१) ऐनको दफा २३ को उपदफा (४) बमोजिम लिजमा उपलब्ध जग्गामा स्थापना भएको उद्योग यस नियमावलीको नियम ५ को उपनियम (१) मा उल्लेखित अवधिभित्र सञ्चालनमा नआएमा स्वत लिज रद्द भएको मानिनेछ ।

(२) उपनियम (१) बमोजिम जुन उद्योगको लागि जग्गा लिजमा लिइएको हो सो बाहेक अन्य प्रयोजनको लागि उक्त जग्गा प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद –५

## कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

१९. **कोष सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा ३९ को उपदफा (१) बमोजिम प्रदेश भित्रको औद्योगिक क्षेत्रको विकास, प्रवर्द्धन, विस्तार र संरक्षणका लागि एक कोष रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम ,

(ग) स्वदेशी संघसंस्था, व्यक्ति, निजी क्षेत्र तथा सहकारी क्षेत्रबाट प्राप्त रकम,

(घ) नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा विदेशी व्यक्ती, संघसंस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) प्रदेश कानून बमोजिम स्थापित उद्योग, औद्योगिक क्षेत्र/ग्राम वा विशेष आर्थिक क्षेत्र लगायत अन्य यस्तै क्षेत्रबाट संकलित शुल्क, दस्तुर, मध्येबाट प्रदेश सरकारले तोकेको रकम,

(च) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस कोषमा रहने भनी तोकेको रकम,

(छ) ऐन, यस नियमावलीले यस कोषमा रहने भनी तोकेको अन्य रकम ।

(३) मन्त्रालयले प्रत्येक वर्ष उपनियम १ बमोजिमको कोषमा निश्चित रकम सुनिश्चित हुने व्यवस्था गर्नुपर्नेछ ।

(४) यस नियम बमोजिमको कोषको रकम क वर्गको बैंकमा खाता खोली राख्नुपर्नेछ ।

२०. **कोष सञ्चालक समिति सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा ३९ को उपदफा (१) तथा नियम १८ बमोजिम स्थापना हुने कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) प्रदेशको राजश्व हेर्ने कम्तीमा नवौं तह वा सो सरहको महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य

(घ) उद्योग हेर्ने क्षेत्रको अधिकृत प्रतिनिधी, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) उद्योग हेर्ने महाशाखा प्रमुख, मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले बैठकमा प्रदेश सरकारका कुनै अधिकृत कर्मचारी, उद्योग, वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित कुनै संस्थाको प्रतिनिधि वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **<u>कोषको प्रयोगः</u>** (१) मन्त्रालयले कोषमा रहेको रकम देहायका कार्यक्रम सञ्चालनको लागि खर्च गर्न सक्नेछ :

(क) लघु, घरेलु तथा साना र स्टार्टअप उद्योग सम्बन्धी कार्यक्रम,

(ख) प्रविधि विकास सम्बन्धी कार्यक्रम,

(ग) औद्योगिक लगानी संरक्षण तथा प्रबर्द्धन सम्बन्धी कार्यक्रम,

(घ) महिला उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम ।

(२) उपनियम (१) बमोजिमका कार्यक्रममा कोषको रकम खर्च गर्दा मन्त्रालयबाट स्वीकृत आन्तरिक कार्य सञ्चालन कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषबाट स्वीकृत वार्षिक कार्यक्रममा नपरेका कार्यक्रममा कोषको रकम खर्च गर्न पाईने छैन।

२२. **<u>कोषको लेखा तथा लेखापरीक्षणः</u>** (१) कोषको खाता सञ्चालन मन्त्रालयको उद्योग हेर्ने महाशाखा प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) कोषको आन्तरिक लेखा परीक्षण जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नियम १९ बमोजिमको समितिले कोषबाट वर्षभरिमा भए गरेका काम कारबाही विवरण समावेश गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद – ६

## जिल्ला उद्योग प्रवर्द्धन समिति

२३. **जिल्ला उद्योग प्रवर्द्धन समितिः** (१) ऐनको दफा ४० को उपदफा (१) बमोजिम जिल्ला भित्रका लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन देहायबमोजिमको जिल्ला उद्योग प्रवर्द्धन समिति गठन गरिनेछ :

(क) प्रमुख, जिल्ला समन्वय समिति -अध्यक्ष,

(ख) सम्बन्धित जिल्लाका स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष -सदस्य

(ग) सहायक प्रमुख जिल्ला अधिकारी -सदस्य,

(घ) कृषि, वन, पर्यटन, पशु हेर्ने सम्बन्धित जिल्ला कार्यालयको कार्यालय प्रमुख -सदस्य,

(ङ) नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला अध्यक्ष -सदस्य

(च) नेपाल उद्योग परिसंघको जिल्ला अध्यक्ष -सदस्य

(छ) घरेलु तथा साना उद्योग महासंघको जिल्ला अध्यक्ष -सदस्य

(ज) महिला उद्यमी महासंघको जिल्ला अध्यक्ष -सदस्य

(झ) नेपाल हस्तकला महासंघको जिल्ला अध्यक्ष -सदस्य

(ञ) प्रमुख, उद्योग तथा वाणिज्य कार्यालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम गठित समितिको बैठक सदस्य सचिवको सिफारिसमा अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिको सचिवालयको काम सम्बन्धित जिल्लाको उद्योग तथा वाणिज्य कार्यालयले गर्नेछ।

(४) उपनियम (१) बमोजिम गठित समितिको बैठक वर्षमा कम्तीमा एकपटक बस्नुपर्नेछ। समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

२४. **जिल्ला उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः** जिल्ला उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) जिल्लामा रहेका उद्योग सञ्चालनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(घ) जिल्लाको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न जिल्ला समन्वय समिति समक्ष सुझाव तथा सिफारिस गर्ने,

(ङ) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरणका लागि आवश्यक पहल गर्ने,

(च) स्टार्टअप उद्यम तथा नवप्रवर्तनमा आधारित उद्यम सञ्चालन गर्न व्यवसाय संवर्धन सम्बन्धी कार्य गर्ने,

(छ) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ज) जिल्लाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाव दिने,

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा जिल्लामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) जिल्लामा औद्योगीकरणको गतिलाई तीव्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

(ट) औद्योगिक ग्राम स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) उद्योग तथा लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि आवश्यक सहयोग गर्ने,

(ड) स्वदेशी वस्तुको प्रबर्द्धन सम्बन्धी कार्य गर्ने,

(ढ) उद्योग क्षेत्रको विकास र प्रबर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने,

(ण) उद्योग प्रबर्द्धनको लागि सम्बन्धित प्रदेश मन्त्रालय र सङ्घीय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने ।

(२) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

२५. **व्यवसायिक सामाजिक जिम्मेवारीः** (१) प्रदेश कानून बमोजिम स्थापना भएका देहायका उद्योगले ऐनको दफा ४१ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकम देहायको कुनै क्षेत्रमा खर्च गर्नु पर्नेछ।

(क) विपदको रोकथाम तथा उद्दार सम्बन्धी कार्य,

(ख) सामुदायिक एवम् सरकारी स्वास्थ्य संस्थालाई औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका स्वास्थ्य सम्बन्धी कार्य,

(ग) प्राचीन कला, साहित्य, संस्कृति, पुरातत्व लगायत अन्य यस्तै सम्पदाको संरक्षण र सम्बर्द्धन,

(घ) गरिबीको रेखामुनि रहेका, पिछडिएका, ग्रामीण महिला, पूर्ण अपांगता, यौनिक तथा अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख समुदायको सीपमुलक एवम् आयमुलक कार्यक्रम,

(ङ) सामुदायिक, सरकारी विद्यालय तथा विश्वविद्यालयहरूका लागि छात्रवृत्ति, शैक्षिक उपकरण तथा सामग्री वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्यक्रम,

(च) प्रदुषण नियन्त्रण, फोहर मैला व्यवस्थापन, वृक्षारोपण, पानीको मुहान संरक्षण, वैकल्पिक ऊर्जाको प्रवर्द्धन लगायत प्राकृतिक र वातावरण संरक्षण सम्बन्धी कार्य,

(छ) धुम्रपान, मद्यपान, सामाजिक विकृति विसङ्गति विरुद्धका अभियान तथा सन्देशमूलक वृत्तचित्र निर्माण तथा प्रसारण,

(ज) खानेपानी आयोजना निर्माण, सडक, ढल, पाटी पौवा, वृद्धाश्रम, मानवसेवा आश्रम, खेल मैदान, धार्मिक स्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन आदि निर्माण तथा मर्मत सम्भार, अनाथ आश्रम निर्माण, पार्क निर्माण, ध्यानयोग केन्द्र निर्माण, बसपार्क तथा बस बिसौनी निर्माण जस्ता सार्वजनिक हितका लागि प्रयोग हुने भौतिक पूर्वाधार ।

(झ) उद्योग दर्ता गर्ने निकायले तोकेको व्यावसायिक सामाजिक जिम्मेवारी क्षेत्र अन्तर्गत पर्ने अन्य उपयुक्त क्षेत्र।

(३) उपनियम (१) बमोजिम उद्योगले सामाजिक व्यवसायिक जिम्मेवारीको लागि छुट्याएको वार्षिक रकमको कम्तीमा ५० प्रतिशत रकम उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम छुट्याई बाँकी रहेको रकमको कम्तीमा दश प्रतिशत रकम त्यसरी छुट्याइएको शीर्षकबाट कट्टा गरी प्रत्येक आर्थिक वर्षको समाप्त भएको तीन महिना भित्र नियम २० बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ। यसरी जम्मा गरेको रकमको निस्सा त्यस्तो उद्योग नवीकरण गर्दा साथै राखी पेश गर्नुपर्नेछ र कार्यालयले सो को अभिलेख त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा जनाइदिनुपर्नेछ ।

(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी निर्वाह गर्दा सम्बन्धित उद्योग दर्ता गर्ने निकाय र स्थानीय तहको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(६) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

## परिच्छेद-७

## विविध

२६. **करार गरी उत्पादन गर्ने उद्योगलाई दिइने सेवा सुविधाः** (१) ऐनको दफा ३० बमोजिम करार वा उपकरार गरी वस्तु वा सेवाको उत्पादन गर्ने कुनै उद्योगले देहायको मापदण्ड पुरा गरेमा खण्ड (ख) बमोजिमको छुट सुविधा वा सहुलियतका लागि सिफारिस गर्न सकिनेछ ।

(क) करार वा उपकरारको आधारमा वस्तु वा सेवा उत्पादन गर्नको लागि पूरा गर्नु पर्ने मापदण्डः-

(१) उद्योग दर्ता गर्ने निकायले तोकेबमोजिम निश्चित परिमाणमा वस्तु वा सेवा उत्पादन गरेको

(२) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तीमा तीस प्रतिशत मूल्य अभिवृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(३) उद्योगले आफ्नो उत्पादनको कम्तीमा पन्ध्र प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागि निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई उपलब्ध गराएको,

(४) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

(ख) खण्ड (क) बमोजिमको मापदण्ड पूरा गरेका निर्यातमूलक उद्योगले पाउन सक्ने छुट, सुविधा वा सहुलियतः

(१)निर्यातको परिमाणको आधारमा निर्यातमा नगद प्रोत्साहनको सिफारिस,

(२)सहुलियत दरमा निर्यात कर्जा सिफारिस,

(३)महसुल फिर्ता सुविधा सिफारिस (ड्युटी ड्रब्याक),

(४)ऋण लगानीमा प्राथमिकता सिफारिस,

(ग) खण्ड (ख) को अतिरिक्त त्यस्तो निर्यातमुलक उद्योगलाई देहायबमोजिम सबै वा कुनै छुट, सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछः

(१) आफ्नो उत्पादनको कम्तीमा ६० प्रतिशत वस्तु वा सेवा निर्यात गर्ने लघु घरेलु तथा साना उद्योगलाई सो आर्थिक वर्षमा नविकरण गर्दा लाग्ने शुल्कमा २५ प्रतिशत छुट ,

(२) प्रविधि हस्तान्तरण सम्बन्धी अनुदान सुविधा,

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम छुट, सुविधा वा सहुलियत सम्बन्धी सिफारिस त्यस्तो उद्योगले निर्यात गरेको परिमाणको आधारमा उपलब्ध गराइनेछ।

२७. **विषयगत उद्योग संघको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ३४ बमोजिम परिचालित विषयगत उद्योग संघको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :-

(क) तालिम, गोष्ठी, अन्तरक्रिया र औद्योगिक भ्रमणहरू मार्फत उद्योगीहरूको उद्यमशीलता सीप अभिवृद्धि गर्ने,

(ख) उद्योगीहरुलाई स्वस्थ प्रतिस्पर्धाका निमित्त विभिन्न प्रोत्साहनमूलक कार्यक्रम गर्ने,

(ग) सेवा तथा वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्नुका साथै बजारको मागलाई सन्तुलन गर्ने,

(घ) नेपाल सरकारको सम्बन्धित नीति तथा कार्यक्रम साथै उद्योग क्षेत्र उत्थानका निमित्त प्रतिकृया सुझाव उपलब्ध गराउने,

(ङ) संघको उद्देश्य बमोजिमको काम कारवाही सम्पन्न गर्ने ।

२८. **उद्योग प्रभावित क्षेत्रका स्थानीयको रोजगारी** : **(१)** ऐनको दफा ३५ को उपदफा (३) बमोजिम उद्योगबाट प्रत्यक्ष प्रभावित स्थानीय व्यक्तिहरुलाई सम्बन्धित उद्योगले रोजगारीमा प्राथमिकता दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम रोजगारी प्रदान गर्दा दक्ष कामदार बाहेकको पदहरुमा महिला समेतको सहभागिता सुनिश्चित हुने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

अनुसूची -१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

<u>उद्योग दर्ताका लागि दिने निवेदनको ढाँचा</u>

श्री नगरपालिका/गाउँपालिका/
उद्योग तथा तथा वाणिज्य कार्यालय/ उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
बागमती प्रदेश, ..............................।

महोदय,

.................प्रदेश................जिल्ला................नगरपालिका/गाउँपालिका वडा नं....मा .........................उद्देश्य रहेको ..........................................नामको उद्योग स्थापना गर्न आवश्यक भएको हुँदा देहायबमोजिमको विवरण र कागजात सहित उद्योग दर्ताका लागि निवेदन गरेको छु/ गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झुट्टा ठहरेमा कानून बमोजिम सहुँला वुझाउँला ।

निवेदकको पूरा नाम, थरः
निवेदकको हस्ताक्षरः
नागरिकता प्रमाणपत्र नं..............., जारी मितिः......................, जारी जिल्ला................
निवेदकको ठेगानाः.................प्रदेश....................जिल्ला.....................नगरपालिका/गाउँपालिका, वडा नं....., टोल/मार्ग................., घर नं..........
सम्पर्क नं.....................
फ्याक्स नं............................, इमेल आईडिः.......................................................

<u>संलग्न कागजातहरु:</u>

१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव,
२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी,
४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),
५. अन्य निकायको सहमति (जस्तैः पर्यटन, स्वास्थ्य, औषधी, सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),
६. सम्बन्धित स्थानीय तहको वडाको सिफारिस पत्र,
७. उद्योग दर्ता गर्ने निकायले तोकेका अन्य कागजातहरु ।

ईति सम्वत २०...... साल .......गते .........रोज शुभम् ।

अनुसूची -२
(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

## परियोजनाको विवरण

१. उद्योगको नामः

२. उद्योग रहने स्थलः .............. प्रदेश, ....................जिल्ला .....................
....गाउँपालिका/नगरपालिका, वडा नं.......,

३. पत्राचारको ठेगाना र फोन नं.

४. सम्पर्क व्यक्तिको नामः

५. उद्योगको स्तरः ☐ साना मझौला ☐ ठूला ☐

६. उद्योगको कानुनी रुपः निजी ☐ साझेदारी ☐ कम्पनी ☐

७. उद्योगको वर्गः उर्जामुलक उद्योग उत्पादनमुलक उद्योग कृषि तथा वन पैदावारमा आधारित उद्योग खनिज उद्योग निर्माण उद्योग सेवामुलक उद्योग पर्यटन उद्योग सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

८. क. उद्योग सञ्चालन हुने दिन प्रति वर्षः शिफ्टः
ख. उत्पादन हुने वस्तु वा सेवाको विवरणः

| सि.नं. | वस्तु वा सेवाको विवरण | वार्षिक क्षमता | एकाई | बिक्री मूल्य दर रु. | कुल विक्री मूल्य रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. परियोजनाको लागत तथा लगानीको स्रोतः

| | लगानी रु. | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वः लगानी रु. | ऋण लगानी रु. |
| स्थिर पुँजी | | | |
| चालु पुँजी | | | |
| कुल पुँजी | | | |

१०. स्थिर पुँजी विवरणः

| सि.नं. | विवरण | रकम रु.मा | कैफियत |
|---|---|---|---|
| १. | जग्गा क्षेत्रफल | | |
| २. | भवन क्षेत्रफल | | |

| | | | |
|---|---|---|---|
| ३. | मेशिनरी उपकरण | | |
| ४. | फर्निचर फिक्चर्स, अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्व सञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| | कुल स्थिर पुँजी | | |

११. चालु पुँजी विवरणः

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | कच्चा पदार्थ ................ महिना/दिनको लागि | |
| २. | अर्ध तयारी वस्तु | |
| ३. | उधारो .......................महिना/दिनको | |
| ४. | अन्य | |
| | कुल | |

१२. मेशिनको विवरणः

| सि.नं. | नाम | आवश्यक सङ्ख्या | मूल्य रु. |
|---|---|---|---|
| | | | |

नोटः आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्यबारे पुष्ट्याँई पेश गर्नुपर्नेछ ।

१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरणः

| सि.नं. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामाग्रीको नाम | एकाई | दर | वार्षिक आवश्यक परिमाण | कुल रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१४. जनशक्ति विवरणः

| विवरण | स्वदेशी | विदेशी | कुल संख्या |
|---|---|---|---|
| कर्मचारी प्रशासनिक | | | |
| कर्मचारी प्राविधिक | | | |
| कामदार उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

१५. उद्योगमा प्रयोग हुने इन्धन तथा पानीः

| किसिम | वार्षिक परिमाण/क्षमता | एकाई | स्रोत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| विद्युत शक्ति | | | |
| डिजेल | | | |
| LDO, फर्नेस आयल | | | |
| कोइला | | | |
| धानको भुस | | | |
| पानी | | | |
| अन्य | | | |

१६. उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरुः

| वातावरणीय अवयवहरु | दुरी/ विवरण | प्रतिकुल असर | | प्रतिकुल असर न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|
| | | हुने | नहुने | |
| जलस्रोत | | | | |
| कृषिजन्य भूमि | | | | |
| वन स्रोत | | | | |
| मानव वस्ती | | | | |
| विद्यालय | | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | | |
| धार्मिक/सांस्कृतिक सम्पदा | | | | |
| अन्य उल्लेख गर्ने | | | | |

१७. मुख्य लगानीकर्ताको विवरणः

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| लगानीकर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता नं | | | | |
| पत्राचारको ठेगाना | | | | |
| फोन नं. | | | | |
| ईमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

<u>नोटः</u>

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्ध पत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगाना समेत खुलाउनु पर्नेछ ।

२. वातावरण संरक्षण सम्बन्धी संघीय र प्रदेश कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा सो सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्नेछ ।

३. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनुपर्नेछ ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ प्रयाप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ ।

५. व्यावसायिक उत्पादन वा कारोवार शुरु भएको मितिले तीन महिनाभित्र पुनः यो फाराम भरी विवरण अद्यावधिक गर्नु पर्नेछ ।

अनुसूची -३

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

<u>उद्योग दर्ता प्रमाणपत्रको ढाँचा</u>

*(कार्यालय/निकायको लेटरहेडमा भए बमोजिम हुने)*

उद्योग दर्ता नं.

दर्ता मितिः

**<u>उद्योग दर्ता प्रमाण-पत्र</u>**

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा प्रदेश औद्योगिक व्यवसाय नियमावली २०८२ को नियम ४ बमोजिम निम्न अनुसार विवरण भएको उद्योग दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

विवरण

१. उद्योग सञ्चालकको नामः
२. उद्योगको नामः
३. उद्योगको ठेगानाः
४. उद्योगको उद्देश्यः
५. उद्योगको कुल पूँजीः रुः
(क) स्थिर पुँजी रुः (ख) चालु पुँजी रुः
६. उद्योगको वर्गः लघु उद्यम/घरेलु उद्योग/साना उद्योग/मझौला उद्योग/ठूला उद्योग
७. उद्योग सञ्चालन हुने सिफ्ट सङ्ख्याः
८. आवश्यक विद्युत शक्तिः
९. उद्योग सञ्चालन दिन (प्रति वर्ष):
१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः
११. आवश्यक पर्ने जनशक्तिः
१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्न पर्ने अवधिः
१३. उत्पादन क्षमताः
१४. अन्यः

(प्रमाणित गर्ने अधिकृत)

नोटः उद्योगले पालना गर्नु पर्ने शर्तहरू, नविकरण, हेरफेर सम्बन्धी विवरणहरु यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ ।

**उद्योगको पुँजी वृद्धि/क्षमता वृद्धि/नामसारी लगायतका अन्य निर्णयहरुः**

| सि.नं. | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

<u>**नविकरण गरिएको विवरण**</u>

| मिति | नविकरण गरिएको अवधि | बुझाएको दस्तुर रु | भौचर नं र मिति | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

शतर्हरूः प्रचलित कानूनमा तोकिएका अतिरिक्त उद्योगले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः

(क) उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ ।

(ख) नावालकलाई उद्योगको कुनै पनि काममा संलग्न गराउन पाइने छैन ।

(ग) छर छिमेकलाई कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

(घ) उद्योगको साइनबोर्ड र लेटर प्याड तथा छापमा रजिष्ट्रेशन नम्बर, सम्पर्क नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(ङ) उद्योग संचालन गर्दा उद्योग भित्र भै रहेका काम कारवाहीलाई मूल सडकवाट नदेखिने व्यवस्था गर्नुपर्नेछ । (यस बुँदाको शर्त उद्योगको प्रकृतिको आधारमा तोक्नु पर्नेछ ।)

(च) उद्योग संचालन गर्दा निश्कासन हुने, खेर जाने पदार्थलाई कुहिने र नकुहिने छुट्याई उपयुक्त तरिकाले व्यवस्थापन गर्नु पर्नेछ ।

(छ) उद्योगको नाम जुध्न गएमा पछि दर्ता गर्ने उद्योगले आफ्नो नाम संशोधन गर्नु पर्नेछ।

(ज) उद्योग रात्री शिफ्टमा संचालन गर्नु पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिनेछ ।

(झ) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ । विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ ।

(ञ) उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(ट) उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ ।

(ठ) उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(ड) तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा ऐन बमोजिम कारवाही हुनेछ ।

(ढ) उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ । साथै दर्ता गर्ने निकायबाट माग भएका उद्योगसंग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ ।

(ण) प्रचलित कानून बमोजिमको रित पुर्‍याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी दर्ता गर्ने निकायलाई समेत दिनु पर्नेछ ।

(त) उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन ।

(थ) माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन ।

(द) प्रचलित संघीय तथा प्रदेश उपभोक्ता संरक्षण ऐन/नियम अनुसार कार्य गर्नु पर्ने छ।

(ध) प्रचलित वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भई सञ्चालित उद्योगले त्यस्तो स्वीकृत प्रतिवेदन अक्षरसः कार्यान्वयन गर्नु पर्नेछ ।

अनुसूची-४

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि दिने निवेदनको ढाँचा

मितिः ....................

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
श्री उद्योग तथा वाणिज्य कार्यालय,
श्री .............नगरपालिका/गाउँपालिका,
बागमती प्रदेश ।

विषयः उद्योग सञ्चालन/व्यवसायिक उत्पादन/कारोबार प्रारम्भ गर्ने अवधि थप गरी पाऊँ ।

उपरोक्त विषयमा मिति........... मा दर्ता भएको मेरो/हाम्रो.. उद्योगले देहायका कारणले उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख भएको अवधि भित्र उद्योग सञ्चालन वा आफनो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेकोले सो अवधि मिति...........सम्मको लागि थप गरिदिनुहुन निवेदन गर्दछु/गर्दछौः

१. उद्योग स्थापनाका लागि हालसम्म भए गरेका कार्यहरुः

(क) ........................

(ख) ..................

२. उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ हुन नसक्नुका कारणहरुः

(क)

(ख)

३. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न भएका पहलहरुः

(क) ..............

(ख)..............................

निवेदकको,
हस्ताक्षरः

| | | |
|---|---|---|
| नाम, थरः | ठेगानाः | (उद्योगको छाप) |
| पदः | इमेलः | |
| मितिः | | |

अनुसूची-५

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

<u>उद्योग स्थानान्तरणको लागि दिने निवेदनको ढाँचा</u>

मितिः ....................

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
श्री उद्योग तथा वाणिज्य कार्यालय,
श्री .............नगरपालिका/गाउँपालिका,
बागमती प्रदेश ।

विषयः उद्योग स्थानान्तरणको लागि स्वीकृति पाऊँ ।

महोदय,

त्यस कार्यालयमा मिति...... मा दर्ता भएको...... प्रदेश .........जिल्ला ........ नगरपालिका/ गाउँपालिका ........ वडा नं. ....... मा स्थापना तथा सञ्चालन गर्ने गरी/सञ्चालन भईरहेको यस उद्योग देहायका कारणले गर्दा ..........प्रदेश...........जिल्ला .........नगरपालिका/गाउँपालिका .........वडा नं.......... मा स्थानान्तरण गर्नु पर्ने भएकोले देहायका कागजातहरु संलग्न राखी स्थानान्तरणको स्वीकृतिको लागि अनुरोध गर्दछु । यसका लागि आवश्यक कागजात यसैसाथ संलग्न गरेको छु ।

<u>उद्योग स्थानान्तरण गर्न पर्ने कारणहरुः</u>

१.

२.

<u>संलग्न कागजातहरुः</u>

१. उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय,
२. स्थानान्तरण हुने स्थानीय तहको सिफारिस,
३. प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्नेको हकमा सो को सम्बन्धित निकायबाट स्वीकृत भएको प्रतिवेदन,
४. अनुसूची-२ बमोजिमको अद्यावधिक परियोजना प्रस्ताव (पाना ...),
५. उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सकिने अनुमानित अवधि ।

निवेदकको,

हस्ताक्षरः उद्योगको छाप

नाम, थरः पदः ठेगानाः

इमेलः

अनुसूची -६

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

उद्योग स्थानान्तरणको स्वीकृतिको ढाँचा

(कार्यालयको लेटरहेडमा लेख्ने)

मितिः ....................

विषयः उद्योग स्थानान्तरणको स्वीकृति बारे ।

तपाईले मिति .......... मा दिनु भएको निवेदन उपर कारबाही हुँदा .......... प्रदेश ....... जिल्ला ....... नगरपालिका/गाउँपालिका ...... वडा नं. .........मा रहेको तपाईको .......... नामको उद्योगलाई ........... प्रदेश .......... जिल्ला ......... नगरपालिका /गाउँपालिका ....... वडा नं. .........मा स्थानान्तरण गर्नको लागि यस ............ विभाग/कार्यालयको मिति .... को निर्णय अनुसार स्थानान्तरणको स्वीकृति दिइएको छ ।

स्वीकृति दिने अधिकारी

देहायको शर्तको अधीनमा रही उद्योग स्थानान्तरणको स्वीकृति प्रदान गरिएको

शर्तहरुः

१. स्वीकृति प्राप्त भएको मितिले ६ महिना भित्र उद्योग सञ्चालन गर्नु पर्ने,

२. वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्ने,

३. ..........(अन्य शर्तहरू)............. ।

## अनुसूची-७

(नियम ८ को उपनियम (१) को खण्ड (घ) र नियम ११ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

### उद्योगको अद्यावधिक विवरण

१. उद्योगको नामः ठेगानाः

२. विवरण पेश गरेको अवधिः मिति.........देखि.. ...सम्म ।

आर्थिक वर्षः उद्योगको दर्ता मितिः

३. प्रोप्राइटर/साझेदार/सञ्चालकको नामः

४. उद्योग सञ्चालन भएको जम्मा दिनः ......... उद्योग सञ्चालन भएको सुरु मितिः

५. उत्पादन तथा सेवाको विवरणः

| सि.नं. | विवरण | परिमाण | | एकाई | प्रति एकाइ मूल्य | विक्री परिमाण प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत क्षमता | उत्पादन परिमाण | | | |

६. कच्चा पदार्थ, केमिकल एवं प्याकेजिङ्ग सामग्रीः

| सि.नं. | विवरण | एकाई | परिमाण | सरदर एकाईको मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. उत्पादित सामग्री निकासी गरेको भए

(क) निकासी गरेको मुलुकको नामः ............

(ख) निकासी परिमाणः ...........

(ग) निकासी मूल्यः .....

८. प्रचलित कानून बमोजिम नेपाल सरकारबाट उद्योगले प्राप्त गरेको कुनै सहुलियत, छुट वा सुविधाः

९. उद्योगले प्रयोग गरेका अन्य आवश्यकताहरुः

| सि.नं. | विवरण | एकाई | परिमाण | सरदर एकाईको मुल्य |
|---|---|---|---|---|
| १. | पानी | किलोलिटर | | |
| २. | विद्युत माग<br>विद्युत युनिट खपत | केभिए<br>किलोवाट आवर | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | इन्धन<br>क. कोइला<br>ख. डिजेल<br>ग. फर्नेस आयल<br>घ. एल.पि. ग्याँस<br>ङ. धानको भूस<br>च. अन्य | मे.टन.<br>किलोलिटर<br>लिटर<br>मे.टन<br>मे.टन | | |
| | | | | |

१०. उद्योगमा कार्यरत जनशक्तिः

| सि.नं. | विवरण | सङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | कुल |
| १. | प्रशासनिक | | | |
| २. | प्राविधिक | | | |
| ३. | श्रमिक | | | |
| | क. उच्च दक्ष | | | |
| | ख. दक्ष | | | |
| | ग. अर्धदक्ष | | | |
| | घ. अदक्ष | | | |

११. उद्योग सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरणको लागि अपनाइएका उपायहरूः

क.

ख.

ग.

घ.

......................

तयार गर्ने

...................

स्वीकृत गर्ने

सञ्चालक/ व्यवस्थापक

उद्योगको छापः

## अनुसूची-८

(नियम ९ सँग सम्बन्धित)

## उद्योग बन्द भएको जानकारी पत्रको ढाँचा

मितिः

श्री ............निर्देशनालय/कार्यालय/नगरपालिका/गाउँपालिका,
बागमती प्रदेश ।

विषयः उद्योग बन्द भएको जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयमा मिति............ मा दर्ता भई ...........प्रदेश ............जिल्ला .......... नगरपालिका/गाउँपालिका वडा नं. .........मा स्थापना तथा सञ्चालन गर्ने गरी/सञ्चालन भईरहेको यस उद्योग देहायको कारणले नियमित रूपमा सञ्चालन गर्न नसकिएको हुनाले मिति ................ देखि ................. सम्म आवश्यक रीत पुयाई बन्द गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं ।

उद्योग बन्द गर्न पर्ने कारणहरुः

१. आवश्यक कच्चा पदार्थहरु सहज आपूर्ति नभएको,

२. पुँजीको अभाव भएको,

३. बजारको समस्या भएको,

४. आन्तरिक व्यवस्थापनमा समस्या भएको,

५. कामदारहरुको अभाव भएको,

६. उद्योगले पूर्ति गर्न नसकिने मागहरुको कारणले गर्दा कामदार र व्यवस्थापन बिच समस्या उत्पन्न भएको,

७. मेशिन उपकरणहरु मर्मत सम्भार गर्न नसकिने गरी बिग्रेको,

८. ..........(अन्य कारणहरू)............।

संलग्न कागजातहरुः

१. उपरोक्त कारण/कारणहरुलाई पुष्टि हुने गरी तयार गरिएको विस्तृत प्रतिवेदन, (उद्योगको स्थापना देखि बन्द गर्दा वखत सम्मको आम्दानी खर्च दायित्व समेत उल्लेख गर्नुपर्ने ।)

२. नियमावलीको नियम ८ को उपनियम (१) मा उल्लिखित कागजातको विवरण ।

निवेदकको.. उद्योगको छाप

हस्ताक्षरः नाम, थरः पदः

<u>अनुसूची-९</u>

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

<u>उद्योग दर्ता खारेजीको लागि दिइने निवेदनको ढाँचा</u>

मितिः

श्री …………निर्देशनालय/कार्यालय/नगरपालिका/गाउँपालिका,
बागमती प्रदेश ।

विषयः उद्योगको दर्ता खारेज गरिदिने सम्बन्धमा ।

त्यस कार्यालय/विभागमा मिति…….. मा दर्ता भई ……. देश………जिल्ला…… नगरपालिका, गाउँपालिका….वडा नं. ……..मा स्थापना भई मिति…………देखि सञ्चालनमा रहेको यस उद्योग मिति ……………. देखि बन्द भएकोले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १३ एवं औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ९ बमोजिम मिति ………………मा नियमानुसार जानकारी गराइएकोमा हाल परिस्थितिवश एवं पूर्व उल्लिखित कारणहरुले गर्दा यस उद्योगलाई पुनः सञ्चालनमा ल्याउन नसकिने भएको हुँदा ऐनको दफा १४ बमोजिम उद्योगको दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजात

१. उद्योगको जायजेथा मूल्याङ्कन प्रतिवेदन,

२. उद्योग खारेज सम्बन्धमा लिक्विडेटरको प्रतिवेदन,

३. कर चुक्ता प्रमाणपत्र,

४. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन,

५. उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीको दायित्व,

६. उद्योग विरुद्ध हुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधिन नरहेको स्वघोषणा ।

निवेदकको..                                   उद्योगको छाप

हस्ताक्षरः

नाम, थरः

पदः

अनुसूची -१०

(नियम १० को उपनियम (४) सँग सम्बन्धित)

<u>उद्योग खारेजी स्वीकृतिको ढाँचा</u>

(कार्यालयको लेटरहेडमा लेख्ने)

मितिः ..........................

विषयः उद्योग खारेज सम्वन्धमा ।

श्री .........(उद्योगी/प्रोपाइटरको नाम)

................ ठेगाना ।

प्रस्तुत विषयमा तपाईको नाममा दर्ता रहेको दर्ता नं. .......... को प्रा.फ/सा.फ./प्रा.लि.को .......................... नामक प्राइभेट फर्म/साझेदारी फर्म/प्रा.लि/पब्लिक लि. खारेज गरी पाउं भनी दिनु भएको निवेदन उपर कारवाही हुँदा प्रस्तुत उद्योगले नेपाल सरकार/प्रदेश सरकारलाई तिर्नु वुझाउनु पर्ने कुनै राजश्व सम्वन्धी रकम वांकी भए वा देखिएमा खारेजी पश्चात् पनि यसै उद्योगले तिर्नु वुझाउनु पर्ने, खारेजी भएको मितिले ३५ दिन भित्र सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा अध्यावधिक गराउने गरी प्रस्तुत उद्योग प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १४ वमोजिम खारेज गरिएको व्यहोरा मिति ................. को निर्णयानुसार जानकारी गराईन्छ ।

......................

प्रमुख उद्योग अधिकृत/उद्योग अधिकृत

वोधार्थः—

श्री आन्तरिक राजश्व कार्यालय/श्री करदाता सेवा कार्यालय, .............।

सम्बन्धित अन्य निकायहरुलाई समेत बोधार्थ दिने ।

अनुसूची-११

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**उद्योगको स्थिर पुँजी /क्षमता परिवर्तन वा अन्य विवरण हेरफेरको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री ............निर्देशनालय/कार्यालय/नगरपालिका/गाउँपालिका,
बागमती प्रदेश ।

विषयः उद्योगको स्थिर पुँजी/क्षमता परिवर्तन वा अन्य विवरण हेरफेर सम्बन्धमा ।

महोदय,

बागमती प्रदेशको ........... जिल्ला ........... गाउँपालिका /नगरपालिका वडा नं. .......मा .........उद्देश्य रहेको नामको उद्योग ............. मितिमा स्थापना भई मिति .......... देखि सञ्चालन भएको र यस उद्योगको सम्बन्धमा देहाय बमोजिमको विवरणमा परिवर्तन वा हेरफेर गर्न आवश्यक भएकोले देहाय बमोजिमको विवरण र कागजात सहित यो निदेदन गरेको छु/गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

परिवर्तन वा हेरफेर गर्न पर्ने विवरणः

| क.सं. | हालको कायम रहेको | परिवर्तन वा हेरफेर गर्नुपर्ने | कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

उद्योगको छाप

निवेदकको,

हस्ताक्षरः
नाम, थरः
फोन नम्बरः
इमेलः

संलग्न कागजातहरुः

१. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन,
२. कर चुक्ता प्रमाणपत्र,
३. अनुसूची-७ बमोजिमको अद्यावधिक विवरण,
४. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रति,
५. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्र (कम्पनी भए),
६. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भए),
७. सम्बन्धित निकायको सिफारिस (आवश्यक पर्ने उद्योगको हकमा मात्र),
८. अन्य कागजात ।

अनुसूची -१२

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

<u>उद्योगको विवरण हेरफेर स्वीकृतिको ढाँचा</u>

(कार्यालयको लेटरहेडमा लेख्ने)

मितिः ....................

विषयः उद्योगको विवरण हेरफेरको स्वीकृति बारे ।

तपाईले मिति .......... मा दिनु भएको निवेदन उपर कारबाही हुँदा .......... प्रदेश ....... जिल्ला ....... नगरपालिका/गाउँपालिका ...... वडा नं. .........मा रहेको तपाईको .......... नामको उद्योगको देहायबमोजिम हुने गरी विवरण हेरफेर गर्न स्वीकृति दिइएको व्यहोरा मिति ...................... को निर्णयानुसार अनुरोध छ ।

| सि.नं. | साविकको धनीको विवरण | | हाल कायम हुने विवरण |
|---|---|---|---|
| १. | | उद्योगीको नाम थर, ठेगाना | |
| २. | | पुँजीको विवरण | |
| ३. | | उद्योगको उद्देश्य | |
| ४. | | विद्युत शक्ति | |

...........................

स्वीकृति दिने अधिकारी